# जनवादी गणतंत्र चीन सरकार र श्री ५ को सरकार नेपालका बीच दुइ देशको सीमाना सम्बन्धि विषयमा भएको सम्झौता ।

जनवादी गणतंत्र चीन सरकार र श्री ५ को सरकार नेपाल दुबै संतोष प्रकट गर्दछन् कि दुबै मुलुकले सदैव हाल मै रहेको परम्परागत प्रचलित सिमारेखा लाई मानि आएका छन् र बन्धुत्वमा बसी आएका छन्। दुबै मुलुक बीचको सिमारेखा-मा रही आएका केहि अस्पष्टतालाई निरुपण गर्न र सम्पूर्ण सिमानाको वैज्ञानिक सिमारेखाङ्कण र औपचारिक सिमा स्तम्भ खडा गर्न तथा दुइ देश बीचको मैत्री सम्बन्ध-लाई संगठित र अभिवृध्दि गराउने उद्देश्यबाट दुबै सरकार शान्तिपूर्ण सह-अस्तित्वको पाँच सिध्दान्तको आधारमा वर्तमान संझौता गर्ने निर्णय गर्दछन् र तल लेखिए बमोजिम गर्न मन्जुर गर्दछन् ।

## धारा १

संझौता गर्ने दुबै पक्ष मन्जुर गर्दछन् कि दुइ मुलुक बीचको सम्पूर्ण सिमानामा हाल मै रहेको परम्परागत प्रचलित सीमा-रेखाको आधारमा मैत्रीपूर्ण छलफल द्वारा वैज्ञानिक सीमा रेखाङ्कण र औपचारिक सीमा स्तम्भ खडा गरिने छ।

## धारा २

सिमानाको रेखाको विशेष पंक्ति कायम गर्न र दुइ मुलुक बीचको सिमाना कानूनी रूपमा निश्चित गर्न संझौता गर्ने दुबै पक्षले प्रत्येक पक्षबाट समान संख्याका प्रतिनिधिहरू द्वारा गठन भएको एउटा संयुक्त समिति खडा गर्ने र सो समितिलाई वर्तमान संझौताको धारा १मा उल्लेखित नियम बमोजिम चीन-नेपालको सिमाना सम्बन्धि ठोस समस्याहरू उपर छलफल तथा समाधान गर्ने, सिमाना-स्तम्भहरू खडा गर्ने र चीन नेपालको सिमाना-संधिको मस्यौदा तैयार गर्ने काम सुम्पने निर्णय गरेका छन्। सो संयुक्त समितिले आफ्नो बैठक चीन तथा नेपालको राजधानीहरूमा वा सो दुइ मुलुकको अन्य स्थानहरूमा गर्ने छ।

## धारा ३

आपसमा आदान प्रदान गरिएको नक्शाहरूमा देखाइएका सीमा-रेखाहरूको अध्ययनबाट (चीनको तर्फबाट पेश गरिएको नक्सा यसै साथ नत्थी गरिएको नक्सा नंबर १ हो र नेपालको तर्फबाट पेश गरिएको नक्सा यसै साथ नत्थी गरिएको नक्सा नंबर २ हो) र प्रत्येक पक्षले अर्को पक्षको मुलुकको सिमाना भित्र आफ्नो वस्तुत: अधिकार रहेको भन्ने क्षेत्रबारे उपलब्ध गराएका कुराहरूको अध्ययनबाट पनि संझौता गर्ने दुबै पक्ष यो ठान्दछन् कि कुनै खास इलाका विषयको मतभेद बाहेक दुबै पक्षको परम्परागत प्रचलित सीमा-रेखा विषयको ज्ञान मूलत: समान छ। तीन विभिन्न स्थिति अनुसार दुइ मुलुक बीचको सिमानालाई ठोस तरिकाले निश्चित गर्न संझौता गर्ने दुबै पक्ष तल लेखिए बमोजिम गर्ने निर्णय गर्दछन्।

(१) ती क्षेत्रहरू जहाँ दुबै पक्षको नक्सामा अंकित भएको दुइ मुलुक बीचको सीमा-रेखा समान छ

यस्ता क्षेत्रहरूमा दुबै पक्षको नक्सामा समान रूपले अंकित भए बमोजिम सीमा-रेखा निश्चित गरिने छ। संयुक्त समितिले सो स्थानहरूमा

सर्भे गर्ने र सिमाना स्तम्भ खडा गर्न प्रत्येक पक्षको समान संख्याका व्यक्तिहरू द्वारा गठित भएको संयुक्त सर्भे दलहरू पठाउने छ ।

माथिको दफाको बुंदाहरु अनुसार ती क्षेत्रहरूमा सिमाना - रेखा निश्चित भए पछि सो रेखाको उत्तर पट्टिको इलाका निर्णयात्मक रूपबाट चीनको हुनेछ जबकि सो रेखाको दक्षिण पट्टिको इलाका निर्णयात्मक रूपबाट नेपालको हुनेछ र कुनै पक्षले त्यसपछि अर्को पक्षको इलाका भित्रको कुनै पनि क्षेत्रमा दावी गर्ने छैन ।

(२) ती क्षेत्रहरु जहाँ दुवै पक्षको नक्सामा अंकित भएको दुइ मुलुक बीचको सीमा - रेखा समान छैन परन्तु वस्तुतः अधिकारको स्थितिबारे प्रत्येक पक्षमा कुनै किसिमको मत भेद छैन

यस्ता क्षेत्रहरूमा ठोस भूमि - प्रदेशका आकृतिहरू ( पानी ढलो, खोंच (उपत्यका), भन्ज्याङ् आदि ) र प्रत्येक पक्षको वस्तुतः अधिकार अनुसार स्थानीय सर्भे गर्न, सीमा - रेखा निर्धारण गर्न र सीमा - स्तंभ खडा गर्न संयुक्त समितिले प्रत्येक पक्षको समान संख्याका व्यक्तिहरू द्वारा गठित भएको संयुक्त सर्भे दलहरु पठाउने छ ।

(३) ती क्षेत्रहरू जहा दुवै पक्षको नक्सामा अंकित भएको दुइ मुलुक बीचको सीमा - रेखा समान छैन र वस्तुतः अधिकारको स्थितिको ज्ञान बारे दुवै पक्षहरु मत - भेद राख्दछन्

त्यस्ता क्षेत्रहरूमा तत् तत् स्थानहरूमा गै वस्तुतः अधिकारको स्थिति पत्ता लगाउन, समानता, आपसी हित, मैत्री तथा आपसी आदान प्रदानको सिद्धान्त अनुसार व्यवस्था मिलाउन सीमा - रेखा निश्चित गर्न र सीमा - स्तंभ खडा गर्न संयुक्त समितिले प्रत्येक पक्षको समान संख्याको व्यक्तिहरू द्वारा गठित भएको संयुक्त सर्भे दलहरु पठाउने छ ।

## धारा ४

संझौता गर्ने दुवै पक्ष निर्णय गर्दछन् कि सिमाना मित्रत्व तथा शान्तिपूर्ण स्थिरता निश्चित राख्न कुनै पक्षले पनि सिमानाको आफ्नो तर्फको २० किलो-मिटर भित्र सम्मको ईलाकामा प्रशासकीय कर्मचारीहरु र पुलिसहरु बाहेक हतियार बन्द व्यक्तिहरुलाई आइन्दा गस्तीमा पठाउने छैनन् ।

## धारा ५

वर्तमान संझौता प्रमाणिकरण भए पछि मात्र लागू हुनेछ र प्रमाणिकरणका पत्रहरु सकेसम्म चाँडो काठमाडौंमा आदान प्रदान गरिनेछन् ।

प्रमाणिकरणका कागजहरु आदान प्रदान हुना साथ वर्तमान संझौता लागू हुनेछ र दुइ सरकारले हस्ताक्षर गर्ने चीन नेपाल सिमाना सन्धि लागू भए पछि यो संझौता स्वतः खारेज हुने छ।

मुकाम पेकिङ् विक्रम संवत् २०१६ साल चैत्र आठ गते रोज दुइ तदनुसार ईस्वी सन् १९६० मार्च २१ तारिखको दिन चीनीया, नेपाली र अंग्रेजी भाषामा प्रत्येकको दुइ दुइ प्रति सबै बराबर किसिमले प्रमाणित हुने गरी यो संझौतामा हस्ताक्षर गरियो ।

周恩来

जनवादी गणतंत्र चीन सरकारको

सर्वाधिकार सम्पन्न

विश्वेश्वर प्र. कोइराला

श्री ५ को सरकार नेपालको

सर्वाधिकार सम्पन्न